STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ३ गते सोमबार ❑ 17 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## ओमिक्रोनले थप्यो पर्यटन व्यवसायीमा चिन्ता

रासस
पोखरा, २ माघ

कोभिड–१९ को एकपछि अर्को लहर देखिन थालेपछि पोखराका पर्यटन व्यवसायी चिन्तित भएका छन् ।

खोपको सहजतासँगै विस्तारै चलायमान बन्दै गएको पोखराको पर्यटनमा कोभिडको तेस्रो लहर ओमिक्रोनको सङ्क्रमणदर बढ्न थालेपछि व्यवसायीमा चिन्ता थपिएको हो ।

पछिल्लो समय निकै आशलाग्दो बनेको पोखराको पर्यटनमा ओमिक्रोनको बढ्दो दरले व्यवसायीलाई चिन्तित बनाएको पर्यटन व्यवसायीको छाता सङ्गठन पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समयपछि पोखराको पर्यटन चलायमान बन्दै गएको थियो, 'माइस टुरिज्म' र सडक महोत्सवले पनि आशा जगाएको थियो । पुनः तेस्रो लहर र सरकारका सूचनाले पुनः लकडाउने हुने संकेत गरेपछि चिन्तित बनाएको छ ।" ओमिक्रोनका कारण मार्च अप्रिल महिनाका लागि हिमाल आरोहण, पदयात्रालगायत लागि बुकिङ भएका होटल पनि विस्तारै रद्द हुने सम्भावना बढ्दै गएको उहाँले बताउनुभयो ।

पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्यसँगै पर्यटन क्षेत्रमा व्यवसायीले निकै आक्रामक तरिकाले लगानी गरेको तर कोरोना त्रास र सरकारको पर्यटनमैत्री नीति अभावले सबै लगानी जोखिममा पर्ने चिन्ता व्यवसायीमा रहेको उहाँको भनाइ छ । "सरकारले पर्यटनलाई उद्योगको मान्यता नदिँदा र पर्यटनमैत्री नीति नल्याउँदा यस क्षेत्रको लगानी जोखिममा हुने डर व्यवसायीमा छ", भट्टराईले भन्नुभयो । सरकारले पर्यटन पूर्वाधारमा ध्यान नदिएको, व्यवसायीलाई प्रदान गर्न सकिने छुटमा तीनै तहका सरकार जिम्मेवार बन्न नसकेको साथै पर्यटन क्षेत्रका मजुदरका विषयमा पनि सरकारले कुनै कार्यक्रम ल्याउन नसकेको उहाँले गुनासो गर्नुभयो । पर्यटन अर्थतन्त्रको बलियो आधार हुँदाहुँदै पनि सरकारले यस क्षेत्रलाई प्राथमिकतामा नराख्दा धेरै व्यवसायी यस क्षेत्रबाट पलायन हुने स्थिति आएको उहाँको भनाइ छ । भट्टराईले पर्यटन व्यवसायीका समस्याका बारेमा पटकपटक सरकारलाई ध्यानाकर्षण गराउँदा बेवास्ता गरेको र बजेटमार्फत आएको पुनःकर्जा कोषको पूर्ण कार्यान्वयन नहुँदा सरकारप्रति व्यवसायीको धारणा सकारात्मक हुन नसकेको बताउनुभयो ।

प्रकृतिले वरदान दिएको शहर पोखरामा पर्यटकको बसाइ लम्बाउन र थप मनोरञ्जन प्रदान गर्न थप साहसिक गतिविधिमा जोड दिँदै आएको हाइग्राउण्ड एडभेन्चर नेपाल प्रालिका निर्देशक दिनेश महर्जनले पनि लगानी जोखिममा हुने हो कि भन्ने चिन्ता थपिएको बताउनुभयो । एकै थलोमा बञ्जी, जिपलाइन, सुपरम्यान जिपलाइन र पछिल्लो समय जायन्ट स्वीङ सञ्चालनमा ल्याएको जनाउँदै महर्जनले भन्नुभयो, "हामीले पछिल्लो समय साहसिक खेलमा लगानी निकै बढाएका छौँ तर पर्यटक आउने वातावरण छैन, एकपछि अर्को भेरियन्टका समाचारले चिन्तित बनाएको छ", उहाँले आशावादी हुनुको विकल्प नरहेको भन्दै कोरोना छिट्टै हराएर पुनःपोखराको पर्यटनले गति लिने विश्वास व्यक्त गर्नुभयो ।

पोखरालाई साहसिक गतिविधिको शहरको रूपमा पनि चिनाउन आफूहरूले साहासिक खेल भित्र्याएको महर्जनको भनाइ छ । प्रालिले पोखरामा २०१२ देखि साहसिक खेल भित्र्याएको हो । उहाँका अनुसार साहसिक खेलका लागि चार युवाले २५ करोड लगानी भइसकेको छ ।

होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले चाडवाडपछि पोखराको पर्यटनमा निकै राम्रो चलायमान भएकोमा पछिल्लो भेरियन्टले शून्यतातर्फ धकेलेको बताउनुभयो । "निकै राम्रो थियो दसैँ तिहारपछि प्रायः होटल ४० देखि ६० प्रतिशतको अकुपेन्सी थियो, लोकसेवाका परीक्षा, विभिन्न सङ्घसंस्थाको सेमीनार गोष्ठी, बैठक, पार्टीका अधिवेशनलगायत होटल बुकिङ राम्रो थियो, अहिले १० प्रतिशतभन्दा तल झरेको छ ।" उहाँले ओमिक्रोनका कारण पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम 'जाउँ है पोखरा' पनि प्रभावित भएको बताउनुभयो । सुवेदीका अनुसार पोखरामा करिब ७०० पर्यटकीयस्तरका होटल छन् । पोखराको पर्यटनमा करिब चार खर्ब लगानी र पचास हजारले रोजगार प्राप्त गरेको व्यवसायीले बताउँदै आएका छन् ।

पोखरा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइको शहर भएकाले कोभिड र कोभिडपछिको समयमा कसरी पर्यटकलाई आतिथ्यता प्रदान गर्ने भन्ने स्पष्ट मापदण्ड तयार गरेर पर्यटन क्षेत्र सधैँ खुला गर्नुपर्ने नेपाल पर्यटन बोर्डका पूर्वसदस्य बासु त्रिपाठीले बताउनुहुन्छ । "हामी सधैँ एउटै कुरा र एउटै सोचमा अल्झेउ अब कोभिड पछाडि कसरी पर्यटन क्षेत्रलाई सुरक्षित र चलायमान बनाउने भन्ने विषयमा नवितम सोचको बारेमा छलफल जरुरी छ ।" उहाँले भन्नुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख काशिराज भण्डारीले कोरोनाको तेस्रो लहरले पर्यटन क्षेत्रलाई केही असर पार्ने भए पनि यो क्षणिक हुने विश्वास व्यक्त गर्नुहुन्छ । "कोरोनाको प्रत्यक्ष असर पर्यटनमा देखिन्छ नै तर तेस्रो भेरियन्ट समाचारमा आएअनुसार त्यति शक्तिशाली देखिएको छैन, छिट्टै हराउँछ भन्ने लागेको छ, स्वास्थ्य सतर्कता पूर्ण अपनाउन सक्यौँ भने यसलाई जित्न सकिन्छ ।" उहाँले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि तीन करोड बजेट रहेको र आधाभन्दा बढी पूर्वाधारमा खर्च भएकाले पनि पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रममा रकम अभाव हुने गरेको बताउनुभयो ।

## लेखापढी कानून व्यवसायीहरु सेवाग्राही प्रति उत्तरदायी हुन आवश्यक : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २ माघ



गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापाले लेखापढी कानून व्यवसायीहरु सेवाग्राही प्रति उत्तरदायि हुन आवश्यक रहेको बताउनुभएको छ ।

नेपाल लेखापढी कानून व्यवसायी एसोसियसन जिल्ला कार्यसमिति कास्कीको १६ औं साधारण सभा तथा ८ औं अधिवेशनमा बोल्दै मन्त्री थापाले लेखापढी कानून व्यवसायीहरुले जनतालाई सहज रुपमा सेवा उपलब्ध गराउनुपर्ने धारणा राख्नुभयो । उहाँले लेखापढी कानून व्यवसायीहरुले जनतालाई दिने सुविधा पारदर्शी हुनुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ। 'लेखापढी कानून व्यवसायीहरु निष्ठावान भएको खण्डमा जनताले प्राप्त गर्ने सुविधा पारदर्शी हुन्छ',उहाँले भन्नुभयो,'जनता पहिले सिधै लेखापढी कानून व्यवसायीहरुसँग ठोकिने हुँदा आर्थिक लोभ बिनानै सेवा गर्नुपर्ने आवश्यकता छ ।' मन्त्री थापाले लेखापढी कानून व्यवसायीहरुका पिरमर्कासँग आफु नजिक भएकाले सोहि बमोजिमको नीति निर्माणमा समेत प्रदेश सरकारले ध्यान पुर्याउने विश्वास दिलाउनुभयो । उहाँले भन्नुभयो, 'तपाईहरुको अप्ठ्याराहरुसँग म नजिक छु । यहाँहरुको पेशागत सुरक्षाका लागि प्रदेशमा सहज कानून बनाउन प्रतिबद्ध छु ।' मन्त्री थापाले लेखापढी कानून व्यवसायीहरुले गैरकानूनी व्यवसायी हुनु भन्ने भावनालाई चिर्ने गरी काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले भू– सेवा केन्द्रका नाममा भएका गलत निर्णयहरुलाई सच्याउँदै व्यवसायीहरुका हित बमोजिम काम गर्ने प्रणका साथ आफु लागेको बताउनुभयो । उहाँले व्यवसायीहरुलाई नागरिकलाई सरल ढंगबाट सेवा प्रवाह गर्न निर्देशन दिनुभयो ।

प्रदेशले विगत चार वर्षमा ५० वटा ऐन बनाएको जानकारी गराउँदै मन्त्री थापाले आफु मन्त्री भएर आइसकेपछि ऐनको संशोधन र कार्यान्वयनमा ध्यान दिएको बताउनुभयो । कानून निर्माणमा प्रदेश सरकारमा देखिएका समस्याहरुलाई समाधान गर्दै नागरिकको हित बमोजिम नीति बनाउन प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

## ट्राफिक प्रहरीद्वारा 'तपाईँको मास्क खोई' अभियान पुनः सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन सङ्क्रमणको सम्भावित जोखिम न्यूनीकरणका लागि ट्राफिक प्रहरीले पुनः तपाईँको मास्क खोई अभियान सञ्चालन सुरु गरेको छ ।

गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरा र यस आसपासमा पछिल्ला दिनमा दैनिक कोरोना सङ्क्रमित बढेसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले सो अभियानलाई जिल्लामा निरन्तरता दिएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार मास्क अभियानसँगै सहरी तथा राजमार्गमा स्वास्थ्य मापदण्ड र जाँचलाई कडाइ गरिएको छ । कार्यालयका प्रमुख एवं प्रहरी निरीक्षक अमृत बस्नेतले ट्राफिक प्रहरीले स्वास्थ्य मापदण्ड पूरा नगरी सवारी चलाउने चालक तथा सवार 'सिाधनसमेतलाई नियन्त्रणमा लिएको बताउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाको बढ्दो जोखिमरोक्नमास्कअभियानलाई निरन्तरता दिएका छौँ । यसका साथै मास्क नलगाई सार्वजनिक तथा निजी सवारीसाधनमा यात्रा गर्नेहरूलाई मास्क लगाउन र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना कडाइका साथ लागू गरिएको छ ।" प्रहरीले सिट क्षमताभन्दा बढी यात्रु बोक्ने, सार्वजनिक सवारीमा सवार गर्दा तथा सार्वजनिक सेवा लिन आउँदा कोभिड–१९ विरुद्धको खोप लगाएको कार्ड नलिने सेवाग्राहीसमेतलाई कारबाही सुरु गरिएको जनाएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ओमिक्रोन तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी

रासस
काठमाडौं, २ माघ

सरकारले कोरोना भाइरसको नयाँ भेरियन्ट, ओमिक्रोनसहितको महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी गरेको छ ।

सरकारले नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट पनि स्वीकृत गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । मन्त्रिपरिषद्को पुस ३० गतेको बैठकका निर्णय सार्वजनिक गर्दै उहाँले सरकारले तिलौराकोट कपिलवस्तु क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने निर्णय भएको बताउनुभयो । सरकारले नेपाली जनताका तर्फबाट अफगान नागरिकलाई मानवीय सहायता उपलब्ध गराउने निर्णय गरेको जानकारी दिइयो ।

बैठकले मेवा–चाँगे र केराबारी–न्यू मर्स्याङ्दी १३२ केभी प्रसारण आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने तथा बुढीगङ्गा जलविद्युत् आयोजना, खोर्लेबेँसी (गोरखा) ३३ केभी प्रसारण लाइन तथा सबस्टेशन र पाल्पा २२० केभी सबस्टेशन आयोजनाका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउन अधिकारी तोक्ने पनि निर्णय गरेको छ ।

सरकारले नेपाल विश्वविद्यालयसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्नुका साथै टोखा नगरपालिका र चीनको स्वायत्त क्षेत्र तिब्बतस्थित नक्छु सहरबीच भगिनी सम्बन्ध कायम गर्न पनि स्वीकृति दिने निर्णय गरेको छ ।

स्थानीय तहका विभिन्न परियोजनानका लागि जग्गा प्राप्ति गर्न विभिन्न ११ स्थानीय तहलाई स्वीकृति दिने निर्णय पनि भएको छ । साथै मन्त्रिपरिषदबाट प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो) निर्देशिका २०७८, चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयको सङ्गठन संरचना र दरबन्दी तेरिज, बर्डफ्लु नियन्त्रण नियमावली २०७८, राष्ट्रिय पशु स्वास्थ्य नीति र राष्ट्रिय पशु प्रजनन नीति, २०७८ स्वीकृत गरिएको छ ।

सरकारले राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव शङ्करप्रसाद खरेललाई विशिष्ट श्रेणीको सचिवमा बढुवा गर्ने तथा लोकसेवा आयोगको सिफारिसमा विभिन्न सेवा समूहका राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नियुक्त गर्ने निर्णय पनि गरेको मन्त्री कार्कीले जानकारी दिनुभयो ।

## चार हजार ९६१ मा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, २ माघ

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९६१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । यो सङ्ख्या शनिबार देखिएको नयाँ सङ्क्रमितभन्दा ३२५ ले बढी हो । शनिबार देशभरमा चार हजार ६३६ नयाँ सङ्क्रमित पुष्टि भएको थियो ।

उपत्यकाका तीन जिल्लामा आज तीन हजार ३४७ नयाँ सङ्क्रमित थपिएका छन् । काठमाडौँमा दुई हजार ५४५, ललितपुर ४७४ र भक्तपुरमा ३२८ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । नयाँ सङ्क्रमितमध्ये चार हजार ५३४ को पिसीआर र ४२७ को एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो । पछिल्लो २४ घण्टामा १५ हजार १३१ जनाको नमूना परीक्षण गरिएको थियो । १२ हजार ५६२ जनाले पिसीआर र दुई हजार ५६९ जनाले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यो अवधिमा जम्मा परीक्षणमध्ये औषत सङ्क्रमणदर ३६ दशमलव एक प्रतिशत छ । यही अवधिमा ४३५ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् ।

कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ५४ हजार ३१२ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २५ हजार ६८० रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लायन्स क्लब अफ पोखरा माछापुच्छ्रेद्वारा रुपा सिद्धमा जस्तापाता सहयोग

पोखरापत्र संवाददाता

पोखरा, २ माघ

लायन्स क्लब अफ पोखरा माछापुच्छ्रेले कास्कीको रुपागाउँपालिका वडानं ४ स्थित सिद्धमा जस्ता पाता सहयोग गरेको छ।



क्लबले आइतबार इन्द्र बहादुर नेपाली (कृष्ण)को घरमैपुगेर कृष्ण दम्पतीलाई जस्ता पाता हस्तान्तरण गरेको हो। क्लबका संस्थापक अध्यक्ष दीपेन्द्र शर्माले कृष्ण दम्पतीले घरको छानो हाल्न नसकेर झुपणीबाट नयाँ घरमा सर्ने सपना अधुरै रहेको खवर पाएपछि क्लवका मनकारी साथीहरु मार्फत जस्ता पाता सहयोग गरिएको बताउनु भयो। शर्माले अप्ठेरोमा परेकाहरुको साथमा आफुहरु रहेको भन्दै क्लबले यस अगाडि पनि अन्यठाउँमा सकेजति सहयोग गर्दै आएको जनाउनु भयो। शर्माले क्लबका पूर्वअध्यक्ष शिव बराल र क्लबकका निर्देशक खडग थापाको आर्थिक सहयोगमा ४० हजार मुल्य बराबरको जस्ता पाता सहयोग गरिएको बताउनुभयो।

क्लबका निर्वतमान अध्यक्ष अर्जुन थापाले क्लबले गरेको सहयोग सानो भएपनि यसको ठुलो अर्थ रहेको बताउनु भयो। आर्थिक अभावकै कारण घरमा छानो हाल्ल नसकेर जिणर् बन्न लागेको घरको छानो छाउनलाई सहयोग गर्न पाएकोमा आत्मसन्तुष्टि मिलेको बताउनु भयो। आर्थिक अभावले घरको छानो हाल्न कठिन भएर बसेका कृष्णको परिवारलाई दुःखको वेला आफुहरु साथमा रहेको सन्देश दिन सफल भएको बताउनु भयो। क्लबका अध्यक्ष शंकर थापाले आफुहरुको सानो सहयोगले पनि कसैको जिवनमा खुसी आउछ भने आफुहरु सधै सहयोगको लागि तयार रहेको बताउनु भयो। कुनै ठाउँबाट सहयोग ल्याएर भन्दा पनि आफ्नै क्लबका साथीहरुको सहयोगमा आर्थिक अवस्था कमजोर तथा अन्य आवश्यकता देखिएको ठाउँमा सहयोग गर्दै आएको बताउनु भयो। जस्तापाता सहयोग कार्यक्रमका संयोजक खडग थापाले सहयोग गर्न पाएकोमा आफुहरु हर्षित भएको बताउनु भयो।

घामपानी छेक्न नभई नहुने घरको छानो हाल्न नसकेको कृष्ण दम्पतीमा देखिएको खुशीनै आफुहरुको सन्तुष्टि भएको बताउनु भयो। आफुहरुलाई सहयोग गर्ने अवसर मिलाईदिएको भन्दै क्लबले पत्रकार घनश्याम पाण्डेयप्रति आभार प्रकट गरेको थियो। सहयोग प्राप्त गरेपछि कृष्ण दम्पतीले सहयोग गर्ने क्लब र सहयोगको लागि बातावरण बनाइदिने प्रति धन्यबाद ब्यक्त गरेको थियो। डेढबर्ष देखि निर्माण भएर पनि छानो विना उभिएको घरले अब छानो पाउनेभएपछि कृष्ण परिवार हर्षित बनेको छ।

# जिपी कोइराला उपचार केन्द्रमा अक्सिजन उत्पादन सुरु

पोखरापत्र संवाददाता

दमौली, २ माघ

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा जडान गरिएको प्लान्टबाट अक्सिजन उत्पादन सुरु भएको छ।

उपचार केन्द्रमा जडान गरिएको प्लान्टबाट पहिलो पटक अक्सिजन उत्पादन सुरु भएको हो। रु दुई करोड १८ लाखको लागतमा अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। अस्पताल नजिक रहेको विद्युत्को ट्रान्सफर्मरको क्षमता बढाउनुपर्ने भएकाले अक्सिजन उत्पादनमा तीन महिना ढिलाइ भएको उहाँले बताउनुभयो। प्लान्टबाट दैनिक १०० सिलिन्डर अक्सिजन उत्पादन हुन्छ। तर अहिले आवश्यकताअनुसार मात्रै अक्सिजन उत्पादन गरिएको डा श्रेष्ठले बताउनुभयो। "अहिले जति आवश्यक हुन्छ, त्यतिमात्रै अक्सिजन उत्पादन भइरहेको छ", उहाँले भन्नुभयो।

कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहरका बेला अक्सिजन नपाएर समस्या भइरहेका अवस्थामा सङ्घीय सरकारले केन्द्रमा प्लान्ट जडानका लागि रकम विनियोजन गरेको थियो। "त्यसबेला अक्सिजन हाहाकार हुँदा बिरामीलाई निकै सास्ती भएको थियो, अब अस्पतालमै अक्सिजन उत्पादन भएपछि सहज हुन्छ", उहाँले भन्नुभयो। कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर आइसकेकाले अब हुने सङ्क्रमितको उपचारमा यसले सहयोग पुऱ्याउने डा श्रेष्ठले बताउनुभयो।

तनहुँका स्थानीय तहले संयुक्तरुपमा लगानी गरेर उपचार केन्द्रमा आइसोलेसन भवन निर्माण गरिदिएका छन्। ओमिक्रोन भेरियन्टको जोखिम बढेसँगै आइसोलेसनलाई तयारी अवस्थामा राखिएको छ। उक्त आइसोलेसन लामो समयदेखि खाली छ। तीस शय्याको आइसोलेसनमा प्रत्येक शय्यामा अक्सिजनको व्यवस्था गरिएको छ। आइसोलेसनमा पाँच शय्या सघन उपचार कक्ष र तीन शय्यामा भेन्टिलेटरको व्यवस्था गरिएको छ। आइसोलेसनमा पहिलो चरणमा २७७ र दोस्रो चरणमा २२२ सङ्क्रमितले सेवा लिएको बताइएको छ।

# नेपाल–बेलायत श्रम वार्ता : एक साताभित्र श्रम समझदारीको मस्यौदा तयार हुने

रासस

काठमाडौं, २ माघ

रोजगारीका लागि स्वास्थ्य जनशक्ति लैजाने विषयमा नेपाल र बेलायतबीच श्रम सझदारी हुने भएको छ।

शुक्रबार दुवै देशका अधिकारीबीच भएको पहिलो चरणको वार्तामा समझदारीको मस्यौदा एक साताभित्र तयार गर्ने सहमति भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ। नयाँनयाँ रोजगार गन्तव्यको खोजीमा जुटेको सरकारले रोजगारी, पारिश्रमिक तथा सेवासुविधाका आधारमा नेपालले बेलायतसँग श्रम सम्बन्ध कायम गर्न आग्रह गरेको थियो। बेलायती अधिकारीसँगको द्विपक्षीय भेटवार्तामा नेपालले रोजगारीको अवसर उपलब्ध गराउन प्रस्ताव गरेको थियो।

दुई पक्षबीच भएको औपचारिक छलफलमा श्रम समझदारी गरी रोजगारीका लागि नेपाली स्वास्थ्य जनशक्ति (नर्स) पठाउने समझदारी भएको छ। बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ सर्भिस' र 'नेसनल हेल्थ सर्भिस'का प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीचको वार्तामा नेपालबाट श्रमिक पठाउने र बेलायतले उनीहरूलाई रोजगारीका अवसर प्रदान गर्ने सहमति भएको थियो। बैठकमा नेपालका तर्फबाट श्रम मन्त्रालयअन्तर्गतको रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेल, उपसचिव थानेश्वर भुसाल, वैदेशिक रोजगार विभाग, परराष्ट्र र कानुन मन्त्रालय तथा चिकित्सा शिक्षा आयोगका प्रतिनिधिको सहभागिता रहेको थियो। बेलायतका तर्फबाट डिपार्टमेन्ट अफ हेल्थ र नेसनल हेल्थका साथै काठमाडौँस्थित बेलायती दूतावासका प्रतिनिधिको सहभागिता थियो। बैठकमा बेलायतबाट उनीहरू 'भर्चुअल' रूपमा सहभागी भएका थिए। नेपालका नर्सिङ कलेजको क्षमता बढाउन बेलायत सरकारले सहयोग गर्ने र छात्रवृत्ति दिएर नेपालमा नर्स उत्पादनमा सहयोग गर्ने प्रतिबद्धता पनि बेलायती पक्षबाट आएको मन्त्रालयले जनाएको छ। नेपालले रोजगार सम्झौताको अवधि पाँच वर्षको हुने प्रस्ताव गरेको छ।

रोजगारीका लागि बेलायत जाने नर्सले कुनै पनि शुल्क बुझाउनु नपर्ने बताइएको छ। छनोट भएका नर्सले बेलायत गएपछि बेलायतको स्वास्थ्य काउन्सिलले लिने परीक्षा उत्तीर्ण भने गर्नुपर्नेछ। यद्यपि, उक्त अवधिमा पनि सहायक नर्सका रूपमा रोजगारी भने सुनिश्चित हुनेछ। नेपाली श्रमिक लैजाने मोडालिटीका बारेमा टुङ्गो भने लागेको छैन। नेपालमा विभिन्न तहका नर्सिङ जनशक्ति रहेका छन्। बेलायतले नेसनल हेल्थ सर्भिसेसअन्तर्गत नेपाली नर्सिङ जनशक्तिलाई रोजगारीको अवसर दिने बताइएको छ।

बेलायतले दक्षिण एसियाली क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा एक लाख श्रमिक भित्र्याउने घोषणा गरेको छ। नेपालबाट करिब १० हजार नर्सिङ जनशक्ति लैजाने बेलायतको तयारी छ। नेपाल नर्सिङ सङ्घका अनुसार हालसम्म नेपालमा ६६ हजार नर्स उत्पादन भएका छन्। तीमध्ये २५ हजार विदेशमा छन्। नौ हजार नर्स सरकारी सेवामा रहेको सङ्घको तथ्याङ्क छ। केही निजी अस्पतालमा कार्यरत छन्।

वैदेशिक रोजगारीलाई विविधीकरण गर्ने लक्ष्य लिएको सरकारले आकर्षक गन्तव्यको खोजी गरिरहेको छ। यसअघि जापान, इजरायल, मरिससलगायत मुलुकसँग नेपालले विशिष्टीकृत क्षमताका श्रमिक पठाउने समझदारी गरिसकेको छ। छिट्टै नेपाली श्रमिक इजरायलको स्वास्थ्य क्षेत्रमा काम गर्न त्यसतर्फ जाँदैछन्।

# फेसबुक ग्रुप एमआरआर पोखराको रक्तदान कार्यक्रममा ७५ युनिट रगत संकलन

पोखरापत्र संवाददाता

पोखरा, २ माघ

फेसबुक ग्रुप एमआरआर पोखराको रक्तदान कार्यक्रममा ७५ युनिट रगत संकलन भएको छ। कोभिड महामारीमा रगत अभावलाई परिपूर्ति गर्ने उद्देश्यले आयोजना गरिएको रक्तदान कार्यक्रममा उक्त युनिट रगत संकलन भएको हो।



विभिन्न सामाजिक क्रियाकलापमा सक्रिय एमआरआरले कोभिडका समयमा पोखरामा रगत अभाव हुन नदिने उद्देश्य स्वरुप रक्तदान कार्यक्रमको आयोजना गरिएको एमआरआरका सक्रिय सदस्य सुदीप पौडेलले जानकारी दिए। 'कोभिडका समयमा हुन सक्ने सम्भावित रगत अभावलाई परिपूर्ति गर्ने उद्देश्यले हामीले रक्तदान कार्यक्रमको आयोजना गरेका हौं', उनले भने,'एमआरआर अन्य सामाजिक क्रियाकलापमा समेत सक्रिय छ।'

रक्तदान कार्यक्रमका प्रमुख अतिथि जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख अमृत बहादुर बस्नेतले रगत सबै भन्दा बढी दुर्घटनामा परेकाहरुलाई आवश्यक पर्ने बताए। एमआरआरका युवा साथीहरुले आयोजना गरेको रक्तदान कार्यक्रम आफैमा सकरात्मक भावना स्वरुप गरिएको कार्यक्रम भएको उल्लेख उनले गरे। संकलन गरिएका रगतको सदुपयोग समेत सही तरिकाले हुन आवश्यक रहेको भनाई उनको छ। 'विश्वका आँकडा अनुसार वर्षेनी १३ देखि १४ लाख सम्म मानिसको मृत्यु सडक दुर्घटना बाट भएको छ। उनीहरुलाई रगत समयमा नै उपलब्ध गराउन नसक्दा यस्तो समस्या भएको देखिन्छ। यस्ता विषयमा हामीले ध्यान पुर्याउन आवश्यक छ।', उनले भने। बस्नेतले अंगभंग भएकाहरुलाई रगतको आवश्यकता बढी पर्ने भएकाले एमआरआर जस्ता सामाजिक संस्थाले गरेका सामाजिक कार्यक्रमहरुमा ट्राफिक प्रहरी प्रशासनको समेत सहयोग रहने विश्वास व्यक्त गरे। एमआरआर विशुद्ध सामाजिक सेवा प्रवाह गर्ने उद्देश्य स्वरुप खोलिएको संस्था भएको सक्रिय सदस्य नरेश भट्टराइले बताए। उनका अनुसार एमआरआरमा नेपालसँगै विदेशमा रहेका एक लाख युवाहरु आबद्ध छन्। 'एमआरआर युवाको घर हो, जहाँ कुनै स्वार्थ छैन। समाजमा भएका अप्ठेराहरुमा सक्रिय पूर्वक भूमिका निर्वाह गर्दै आएका छौं।', भट्टराईले भने। एमआरआर ग्रुप संचालनमा आएको १० वर्ष पुगेको जानकारी उनले गराएका छन्। सुजन ढकालको सभापतित्वमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो। उनले रक्तदान कार्यक्रमलाई सफल पार्न सहयोग गर्ने सम्पूर्ण रक्तदाता एंव संघसंस्थालाई धन्यवाद दिएका छन्। आगामी समयमा पनि एमआरआरले सामाजिक सेवामा सक्रियता देखाउने प्रतिबद्धता उनको छ।

उक्त कार्यक्रमको संयोजन रिदम बास्तोकोटी र युनीक क्षेत्रीले गरेका थिए भने कार्यक्रमलाई सफल पार्न पोखराका विभिन्न प्रतिष्ठित संघसंस्थाहरुले सहयोग गरेका थिए।

## ट्राफिक...

छ। स्वास्थ्य निर्देशनालयको निर्देशनबमोजिम मास्क, स्यानिटाइजरको प्रयोग, भौतिक दूरी कायमलगायत विषयमा जाँच गरेको कास्की ट्रफिक प्रहरीले पछिल्ला दुई दिनमा एक हजार ७५५ थान मास्क निःशुल्क विरतण गरेको जनाएको छ।

यसैगरी दुई हजार २० प्रति स्वास्थ्यसम्बन्धी जनचेतनामूलक पर्चासमेत वितरण गरिएको जनाइएको छ। प्रहरीले स्वास्थ्य मापदण्ड उल्लङ्घन गरी यात्रु ओसारपसार गर्ने २२५ सार्वजनिक सवारीसाधन र १४९ यात्रुलाई कारबाही गरिएको जनाएको छ। ट्राफिक प्रहरीले जिल्लाका विभिन्न २९ स्थानमा जाँचचौकी स्थापना गरी २४ घण्टा नै सवारी जाँच सुरु गरिएको जनाएको छ।

## चार हजार...

भएको मन्त्रालयले जनाएको छ। हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा २९ र आइसीयूमा १२२ जना रहेका छन्। होम आइसोलेशनमा २४ हजार ५८४, संस्थागत आइसोलेशनमा एक हजार ९६ र संस्थागत क्वारेन्टिनमा १२१ रहेका छन्।

सरकारले आजदेखि अग्रपङ्तिमा रहेका नागरिकलाई बुष्टर डोज खोप सुरु गरिसकेको मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले बताउनुभयो। देशभरमा हाल लगाइरहेको सबै खोप प्रभावकारी र निःशुल्क रहेको उहाँले बताउनुभयो। खोपले गम्भीर स्वास्थ्य समस्याबाट बचाउने भन्दै उहाँले खोप लगाउनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "खोप लगाउने ठाउँमा स्वास्थ्यका मापदण्डको भने पालना गर्नुपर्छ।"

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सर्म्पक:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

➪ **पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

➪ **महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

➪ **सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

➪ **मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान:**

**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट: नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी

कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# सरकारको निर्णय कार्यान्वयन होस

कोरानाको नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड–१९ महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी गरेको छ। विश्वव्यापी महामारीका रुपमा फैलिएको नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड–१९ महामारीको तेस्रो लहर नेपालमा समेत बढ्दै गएको छासरकारले त्यसको रोकथाम तथा नियन्त्रण, निदान र उपचारका लागि पुरानै ऐनको सहारा लिएको छ । आदेशमार्फत सबै प्रकारका आमसभा, जुलुस, भेला वा धैरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्म सञ्चालन नगर्ने सरकारको निर्णय छ। गोष्ठी, सेमीनार, समीक्षा, बैठक जस्ता क्रियाकलाप सञ्चालन गर्दा भर्चुअल माध्यमद्वारा गर्ने तथा भौतिकरूपमा उपस्थित भई गर्नुपर्ने काम जनस्वास्थ्यका मापदण्ड पालना र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा २५ जना मात्र रहने गरी सञ्चालन गर्न अनुमति दिने आदेशमा उल्लेख छ।

आदेशमा त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा ७ गतेपछि त्यस्तो कार्यक्रम पूर्णखोप लगाएका व्यक्ति मात्र उपस्थित हुने व्यवस्था मिलाउन पर्नेछ । सरकारले सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लब, हेल्थ क्लब, जीम, स्वीमिङ पुल, फुटसल, हाटबजार र मानिसको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम यही माघ १५ गतेसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ । सरकारले खोपलाई ब्यवस्थित तरिकाले संचालन गर्न नसक्दा पनि वातावरण त्रसित हुन पुगेको छ। सरकारले विद्यालय, विश्वविद्यालय, कलेज, ट्युशन सेन्टरलगायतका अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ १५ गतेसम्म भौतिक उपस्थितिमा सञ्चालन नगर्ने निर्णय गरिसकेको थियो शैक्षिक क्रियाकलाप र शिक्षण सिकाइका गतिविधि भर्चुअल माध्यमबाट सञ्चालन गर्न भनिएको र निजी शैक्षिक संस्थाले त्यसअनुसार गरेका छनासामुदायिक र सरकारले पनि भर्चुअल माध्यमद्वारा गर्न प्रेरित गर्नुपर्छ ।

विद्यालय र कलेजका पूर्वनिर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सक शिक्षाका सबै किसिमका परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन सकिने छ । मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने विषय आदेशमा उल्लेख छ। सरकारले सपिङ मल, डिपार्टमेन्ट स्टोर तथा अन्य प्रकारका पसलमा एकपटकमा २५ जनाभन्दा बढी हुन नहुने गरी आदेश जारी गरेको छ। कुनै पनि सामान अनावश्यक रूपमा छुन नपाइने तथा दुई व्यक्तिका बीचमा कम्तीमा पनि दुई मिटर दूरी कायम गर्न एवं मास्क अनिवार्य, पटकपटक साबुन पानीले हात धुने, सेनिटाइज गरी सञ्चालन गर्न पनि सरकारले संझाएको छ।

जनस्वस्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित धनी वा सञ्चालकको हुनेछ । पार्टी प्यालेसमा एकपटक कूल क्षमताको बढीमा एकतिहाइ नबढ्ने गरी बढीमा ५० जना मात्र उपस्थित रहने र सम्बन्धित जिल्ला प्रशासनबाट स्वीकृती लिन पर्नेछ । सरकारले विवाह, व्रतबन्ध, न्वारन र पास्नी जस्ता धार्मिक तथा सांस्कृतिक, सामाजिक कार्यक्रम भौतिक दूरीलगायत जनस्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्न दिने भएको छ। बिवाहा, व्रतबन्ध,लगायतका धार्मिक तथा सामाजिक कार्य तोकिए अनुसार नहुने अवस्था छातीनै तहका सरकार र सामाजिक सुधारका अभियन्ताले मापदण्ड पालनामा प्रतिबद्ध हुनुपर्नेछ । रङ्गशालामा दर्शकसहितको खेल गर्दा कूल क्षमताको एकतिहाइ मात्र हुने गरी जनस्वास्थ्य पालना गरी सञ्चालन गर्न पाइने छ । उपस्थित दर्शकमध्ये आयोजनाको खर्चमा एकतिहाइ दर्शकलाई रेण्डम छनौटका आधारमा एन्टिजेन परीक्षणको व्यवस्था मिलाउन पर्नेछ । सरकारको निर्णय कार्यान्वयनका लागि हुनुपर्नेमा देखाउनका लागि हुनेगरेका छन् ।

# एक घण्टाको यात्रा २० मिनेटमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ माघ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ बैसरीदेखि रिसिनचौतारी जोड्ने सडक निर्माण भएपछि एक घण्टाको यात्रा अवधि २० मिनेटमा छोटिएको छ ।

बेनी–जोमसोम सडकको बैसरीदेखि रिसिनचौतारी जोड्ने छोटो दूरीको सडक निर्माण भएपछि यात्रा अवधि छोटिएको हो । स्थानीयवासी दुर्गाबहादुर केसीले सडक निर्माण भएपछि एक घण्टाको यात्रा अवधि २० मिनेटमा छोटिएको बताउनुभयो ।

"गाडी चढेर रिसिन चौतारीदेखि रानीपौवा–पिप्ले हुँदै घुमाउने ताल पुगेर बेनी–जोमसोम सडकमा निस्कन पूरै एक घण्टा लाग्ने गरेको थियो," उहाँले भनुभयो, "रिसिन चौतारीदेखि बैसरीको हाइवेमा झरेर बेनी पुग्दा करिब ४० मिनेटको समय बचत हुन्छ ।"

पैदल हिँडेर रिसिन चौतारीदेखि बैसरी पुग्न पनि करिब एक घण्टा नै लाग्दथ्यो । रघुगङ्गा गाउँपालिका र सङ्घीय सरकारको निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रमको रु २५ लाख बजेटबाट गत आर्थिक वर्षमा मार्ग खोलिएको बैसरी–रिसिन चौतारी सडक मर्मत र स्तरोन्नतिपछि हालैदेखि यातायातका साधन चल्न थालेका छन् । उपभोक्ता समितिका सचिव राजन केसीले बैसरीमा करिब एक सय मिटर पहाड छिचोल्नेसहित दुई किलोमिटर सडक निर्माण भएको बताउनुभयो । रिसिनचौतारी, माझखर्क, ओखरबोटलगायत बस्तीका करिब चार सय घरधुरी यो सडकबाट लाभान्वित भएका उहाँले बताउनुभयो ।

काम विशेषले सदरमुकाम बेनी र गलेश्वर जानआउनका साथै कृषि र पशुजन्य उपज निकासीका साथै निर्माण र दैनिक उपभोग्य वस्तु ढुवानीमा सहज भएको छ । रिसिनचौतारी र माझखर्क केरा खेतीको पकेट क्षेत्र हो । बिरामीलाई अस्पताल लैजान सजिलो भएको छ । यस सडकबाट कालीगण्डकीको बगरबाट घर, भवन, सडक, सिँचाइ, खानेपानीलगायत विकास आयोजनाका लागि भगवतीमा निर्माण सामग्री ढुवानी गर्नसमेत सुविधा पुगेको छ। रघुगङ्गा गाउँपालिका–२ का वडाध्यक्ष रिम कटुवालले राजमार्गसँग जोडिने छोटो दूरीको यो सडकले रिसिनचौतारीसँगै भगवतीका बासिन्दाको आयआर्जन र समग्र विकासमा फाइदा पुगेको बताउनुभयो ।

# गरिबसँग ऋषिराम कार्यक्रम सञ्चालन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ माघ**

बागलुङ नगरपालिकाले आफ्ना संस्थापक नगर प्रमुखका स्मृतिमा गरिबसँग ऋषिराम कार्यक्रम सञ्चालन र स्मृतिद्वार निर्माण गरेको छ ।

बागलुङ नगरको पहिलो जननिर्वाचित नगरप्रमुख ऋषिराम शर्मा हुनुहुन्थ्यो । उहाँको अर्धकदको शालिक तथा स्मृतिद्वार निर्माण गरेको नगरप्रमुख प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । नगरपालिकाले नगरका असहाय र विपन्नलाई सहयोग गर्ने उद्देश्यले 'गरिबसँग ऋषिराम कार्यक्रम' अन्तर्गत करिब रु एक करोडको अक्षय कोष स्थापना गरेको हो । आर्थिक वर्ष २०७५/७६ को रु पाँच लाख र आर्थिक वर्ष २०७६/७७ मा विनियोजित रु छ लाख र स्थानीयको रु दुई लाख बराबरको श्रमदानमा गरी रु १३ लाखको लागतमा स्मृतिद्वार निर्माण गरिएको बागलुङ नगरपालका इन्जिनियर गौरव शर्माले जानकारी दिनुभयो । विसं २०५४ देखि ५९ सम्म जननिर्वाचित पहिलो नगरप्रमुख भएर शर्माले बागलुङ नगरवासीका लागि ऐतिहासिक योगदान गर्न सफल भएको जनाउँदै उहाँको स्मृति तथा सम्मानमा बागलुङ नगरपालिका–४, कुड्ुलेको तिरुपती चोकमा स्मृतिद्वार निर्माण गरिएको हो । "नगरको संस्थागत विकासका लागि उहाँले अगाडि सारेका योजना निकै दूरदर्शी पाइयो, उहाँले विकास निर्माण शुरुगरेको स्थानमै स्मृतिद्वार निर्माण गरिएको हो," नगरप्रमुख पौडेलले भन्नुभयो, "उहाँको बहुआयामिक योगदानको नगरले सधैँ स्मरण गर्न पाइयोस् भनेर उहाँले नगरपालिकाको चक्रपथको सुरुआत गरेको स्थानमा नै स्मृतिद्वार निर्माण गरेका हौं ।" यसै गरी नगरपालिकाले नगरका नौ योजना संशोधन गरेर बजेट बाँडफाँड गरेको छ । नगरपालिकाको १० औं नगरसभामार्फत नौं योजना संसोधन गरेर बजेट थपघट गरेको छ । नगरपालिकाले रु एक करोड ९८ लाखको बजेट संशोधनअन्तर्गत नौवटा योजनामा बजेट थपघट गरिएको छ । नगरपालिकाले विद्यालय कर्मचारीको तलब न्यूनतम १३ हजार पाँच सय पुऱ्याउनका लागि रु.५४ लाख बजेट थप गरिएको छ। कोरोना कोषमा रु ८६ लाख बजेट रहेकामा त्यसबाट रु ६० लाख घटाएर रु २६ लाख मात्रै राखिएको छ । खेलकुद तथा विविध कार्यक्रमका लागि पाँच लाखमा दुई लाख बजेट थपी रु सात लाख बजेट व्यवस्था गरिएको छ। रेडक्रस सोसाइटीको सामग्री व्यवस्थापन अनुदानका लागि दुई लाख, विभिन्न पुरस्कार सम्मानका लागि रु.पाँच लाख, वीरेन्द्र ऐश्वर्य पार्क निर्माणका लागि रु.४० लाख बजेट थप गरिएको छ । नगरपालिकाले सवारी साधन खरिदका लागि विनीयोजन गरेको रु ७० लाखमा ५८ लाख घटाएर रु १२ लाख मात्रै राखिएको छ । एकीकृत शहरी विकास कार्यक्रमको बजेट आठ लाख रुपैयाँ घटाईएको छ । विपद व्यवस्थापन कोषमा रु ७४ लाख रुपैयाँ रहेकामा ३० लाख घटाएर ४४ लाख मात्रै राखिएको छ । नगरपालिकामा देखिएको रु १८ करोड ५९ लाख ७२ हजार बेरुजु नियमित गर्नेगरी लेखा समिति संयोजक कमल खड्काले प्रस्ताव गरेको प्रस्ताव पारित गरिएको छ। नगर सभामा नगर उपप्रमुख सुरेन्द्र खड्काले विभिन्न शीर्षकमा रहेको बजेट रकमान्तरण गर्ने बजेट संशोधन प्रस्ताव पेस गर्नुभएको थियो । नगरसभाबाट नगर प्रहरी ऐन संशोधन प्रस्ताव पारित गरिएको थियो ।

# निःशुल्क डायलासिस सेन्टर सञ्चालन

**पोखरापत्र संवाददाता**
**वालिङ, २ माघ**

स्याङ्जाको वालिङमा मिर्गौलाका बिरामीको उपचारका लागि निःशुल्क डायलासिस सेन्टर सञ्चालनमा आएको छ ।

रोटरी क्लब अफ वालिङले वालिङ नगरपालिका र गौतमबुद्ध सामुदायिक मुटु अस्पतालको सहकार्यमा डायलासिस सेन्टर सञ्चालनमा ल्याएको हो ।

डायलासिस सेन्टर सञ्चालनमा आएसँगै वालिङ तथा आसपासका पर्वत, गुल्मी, पाल्पा जिल्लाका केही भेगका मिर्गौलाका बिरामीलाई सहजता हुनेभएको छ । गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलको प्राविधिक सहयोगमा सञ्चालनमा आएको सेन्टरमा आठ वटा मेसिनबाट डायलासिसको काम सुरु गरिएको गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलका अध्यक्ष एजाज आलमले बताउनुभयो । उहाँका अनुसार हाल आठवटा मेसिन राखेर सुरु गरिएको डायलासिस गर्ने कार्यलाई बढाएर एघार वटा पुऱ्याइने छ । मिर्गौलाका बिरामीको उपचारमा सहजताका लागि डायलासिस सेन्टर वालिङमा स्थापना गर्न नगरपालिकाले आवश्यक सहयोग, समन्वय र सहकार्य गर्दै आइरहेको वालिङ नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । सेन्टर वालिङमै स्थापना भएर कार्य थालेसँगै स्याङ्जाको वालिङसहित छिमेकी जिल्लाका मिर्गौलाको उपचार गर्नुपर्ने नागरिकलाई पनि सहजता हुने प्रमुख खाँणले बताउनुभयो । स्याङ्जा जिल्लाको मध्यभाग वालिङमा सेन्टर स्थापना हुनुले पनि सम्बन्धित बिरामीलाई टाढा जानुपर्ने अवस्थाको अन्त्य भई छिटोछरितो र निःशुल्क हुने भएपछि निक्कै प्रभावकारी हुने रोटरी क्लब अफ वालिङका अध्यक्ष युवराज पाठकले बताउनुभयो ।

रोटरी क्लब अफ वालिङले गरेको प्रस्तावलाई रोटरी इन्टरनेशनलले सेन्टर सञ्चालनका लागि रु पाँच करोड ५३ लाख सहयोगस्वरुप उपलब्ध गराएको अध्यक्ष पाठकले जानकारी दिनुभयो। माघ १ बाट सञ्चालनमा आएको सेन्टरले दैनिक १६ जना मिर्गौलाका बिरामीको डायलासिस गर्न सकिने छ। सेन्टरमा डायलासिस गर्ने बिरामीको रेकर्ड राखेर सरकारलाई पठाउने र त्यहीँबाट भुक्तानी लिने भएकाले बिरामीलाई कुनै पनि शुल्क नलाग्ने अध्यक्ष पाठकको भनाइ छ।

# 'ए कालीगण्डकी, हे आमा गण्डकी...'

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ माघ**

दोहनको जाँतोमुनि पिल्सिइरहेको कालीगण्डकी नदीको विलापलाई गीतका मार्फत बाहिर ल्याइएको छ । नदी–सभ्यता जोगाउन उद्वत 'कालीगण्डकी बचाऔं अभियान'ले जागरण गीतका रुपमा 'ए कालीगण्डकी...हे आमा गण्डकी' सार्वजनिक गरेको हो।

कवि श्रवण मुकारुङको शब्द–सङ्गीत र गायक कर्ण दासको स्वर रहेको गीत 'सेवा इन्टरटेनमेन्ट'को यट्युब च्यानलमा उपलब्ध रहेको अभियानका संयोजक आरके अदिप्त गिरीले जानकारी दिनुभयो । गीतको सङ्गीत संयोजन रिदम कँडेलले गर्नुभएको छ । अहिलेलाई गीतको अडियोसहित लिरिकल भिडियो मात्र सार्वजनिक गरिएको संयोजक गिरीले बताउनुभयो । "गीतलाई प्राण भर्ने गरी पछि भिडियो ल्याउँछौं", उहाँले भन्नुभयो। फोटो पत्रकारसमेत रहनुभएका गिरीले सो गीतलाई प्रकृतिमाथि मानवजातिको मनपरिविरुद्धको समवेत आवाजका रूपमा चित्रित गर्नुभयो । "गीत मनोरञ्जन मात्र होइन, यो त समाजको जीवित अभिव्यक्ति पनि हो, त्यसकै मुखर स्वर हो, कालीगण्डकीको गीत", गिरीले भन्नुभयो । उहाँकै पहलकदमीमा गत वर्षदेखि थालिएको अभियान गण्डक क्षेत्रमा क्रियाशील छ । स्वयंसेवी युवा, पत्रकार, कवि, लेखक, बौद्धिक, नागरिक समाजका अगुवालगायत अभियानमा जोडिएका छन् । नदीजन्य पदार्थ उत्खननका नाममा कालीगण्डकीमाथि चलिरहेको निर्मम दोहनका विरुद्ध अभियान सङ्घर्षरत छ । हिमालय क्षेत्रको पवित्र र वैभवशाली नदीले भोलिरहेको सन्ताप र बेदनाका कथा भन्न गीतलाई रोजिएको अभियानले जनाएको छ । गीतको भाव, सौन्दर्य र वैचारिकीले अभियानलाई रचनात्मक टेवा पुग्ने विश्वास लिइएको संयोजक गिरीले बताउनुभयो। "गीतको ध्येय कालीगण्डकीलाई दोहनचक्रबाट मुक्त गराई प्राकृतिक लयमा फर्काउन सम्बद्ध पक्षमाथि नैतिक दबाब बढाउनु हो", उहाँले भन्नुभयो ।

# कोरोना संक्रमित बढे

**पोखरापत्र संवाददाता**
**दमौली, २ माघ**

जिल्लामा केही दिनयता कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्न थालेको छ । स्वास्थ्य कार्यालयका अनुसार आइतबारसम्म जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ४६ पुगेको छ ।

भानुमा पाँच, व्याससमा नौ, शुक्लागण्डकीमा पाँच, भिमादमा तीन, म्याग्देमा तीन, ऋषिङमा दुई, बन्दीपुरमा चार र आँबुखैरेनीमा १५ सक्रिय सङ्क्रमित रहेको कार्यालयका सूचना अधिकारी शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो। घिरिङ र देवघाटमा भने सक्रिय सङ्क्रमित नरहेको उहाँले बताउनुभयो ।

तनहुँमा हालसम्म पाँच हजार ४२७ जनामा कोरोना भएकामा पाँच हजार २५१ निको भएका छन् भने १३० को मृत्यु भएको छ । तनहुँमा १८ वर्ष उमेरभन्दा माथिका ९८.६ प्रतिशतले कोरोना भाइरस सङ्क्रमणविरुद्धको पूरा खोप लगाएका छन् । कार्यालयका अनुसार १८ वर्षमाथिका दुई लाख २९ हजार ३४७ जनामध्ये एक लाख ५७ हजार २८१ ले कोरोना भाइरस सङ्क्रमणविरुद्धको पूरा खोप लगाएका छन् ।

त्यस्तै जिल्लाका १२ देखि १७ वर्ष उमेरसम्मका ८०.७ प्रतिशत बालबालिकाले मोडर्ना खोप लगाएका छन् । कूल ३९ हजार ४३४ बालबालिकामध्ये ३१ हजार ८१२ ले यो खोप लगाएका हुन् । कार्यालयका अनुसार कोरोना भाइरस सङ्क्रमणविरुद्धको पूरा खोप लगाएका १८ वर्ष उमेरभन्दा माथिका व्यक्तिमध्ये भानुका २१ हजार ७५५, व्यासका ४८ हजार ३१५, म्याग्देका ११ हजार ८७३, शुक्लागण्डकीका १५ हजार ५५३, भिमादका १५ हजार ३१२, घिरिङका छ हजार ७६८, ऋषिङका नौ हजार ५३, देवघाटका छ हजार ५६३, बन्दीपुरका नौ हजार ४०० र आँबुखैरेनीका १२ हजार ६८९ ले पूरा खोप लगाएका छन् ।

यसैगरी भानुका तीन हजार २२०, व्यासका आठ हजार ९५७, म्याग्देका एक हजार ४६४ र शुक्लागण्डकीका पाँच हजार ७८८ बालबालिकाले मोडर्ना खोप लगाएका छन् । भिमादका दुई हजार ८७९, घिरिङका एक हजार ३१८, ऋषिङका दुई हजार १२५, देवघाटका एक हजार ५३४, बन्दीपुरका दुई हजार दुई र आँबुखैरेनीका दुई हजार ५२५ जनाले मोडर्ना खोप लगाएको कार्यालयले जनाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : शारीरिक झमेला |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : झमेला बढ्ने |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ अर्मला स्थित सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः लामो दुवाली कालोमुडा सडक निर्माण**
**स्थानः पोखरा–१६, अर्मला**
**योजना संचालन गर्ने कार्यालयः पूर्वाधार विकास कार्यालय**
**योजना सम्झौता मिति : २०७८/०९/०१**
**योजना सम्पन्न मिति : २०७८/१०/०३ गते**
**योजनाको कुल लागत : रु. १६,४३,५०६|–**
**पूर्वाधार विकास कार्यालयबाट रकम : रु.१४,४०,०००|–**
**जन सहभागितावाट : रु.२,०३,५०६|–**
**उपभोक्ता समिति अध्यक्षः राजु गुरुङ (कुमार)**
**सचिवः सूर्य प्रसाद पौडेल, कोषाध्यक्षः सुमन कुमारी गुरुङ**

**लामो दुवाली कालोमुडा सडक निर्माण उपभोक्त समिति**
**पोखरा–१६, अर्मला कालोमुडा**

